नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४२९

मिति:२०८३/०२/११

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषयः ढल निकास सफाई दुरुस्त राख्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा पूर्वाधार विकास मन्त्रालयको प.सं.२०८२/८३,च.नं.३.२/११६८/८२८, मिति २०८३/०२/०६ को पत्रमार्फत मनसुनअघि प्राकृतिक निकास, नाला, तथा सडक किनाराका ढल निकास सफाई गरी दुरुष्त राख्न अनुरोध गरिएको पत्र र सोको व्यहोरा यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री पूर्वाधार विकास मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# पूर्वाधार विकास मन्त्रालय

योजना शाखा

## सिंहदरबार, काठमाण्डौं

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: ९०८
मिति: २१६

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- ३.२/११६८/८२८

मिति :- वि.सं. २०८३/०२/०६

ने.स. :- ११४६ अनलाथ्व:,४ बुधवार

विषय: आवश्यक सहजीकरण सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

उपरोक्त सम्बन्धमा "मनसुनअघि प्राकृतिक निकास, नाला तथा सडक किनारका ढल निकास सफाइ गरी दुरुस्त राखे " सम्बन्धि विषयको तपसिलमा उल्लिखित व्यहोराको पत्र सबै स्थानीय निकाय/तहहरुमा (७५३ वटा) मा पत्राचार गरी आवश्यक सहजिकरण गरिदिनुहुन मिति २०८३/०२/०५ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

**तपसिल:**

"प्रस्तुत विषयमा नेपालमा प्रत्येक वर्ष मनसुनका कारण अत्यधिक वर्षा हुने भएकाले बाढी, डुबान तथा सडक अवरोधजस्ता समस्याहरू उत्पन्न हुने गरेका छन्। प्राकृतिक जल निकास, सिँचाइ नाला तथा सडक किनारका ढलहरू समयमा सफा नभएको अवस्थामा जनधनको क्षति हुने जोखिम अझ बढ्ने हुँदा आगामी मनसुनलाई मध्यनजर गर्दै तहाँ अन्तर्गत रहेका सबै प्राकृतिक खोल्सा, नाला, सिँचाइ कुलो, राजमार्ग तथा सडक किनारका ढल तथा पानी निकास प्रणालीहरूको निरीक्षण गरी अवरुद्ध भएका स्थानहरूको सफाइ तथा मर्मत कार्य सञ्चालन गरी बाढी तथा डुबानको जोखिम न्यूनीकरण हुनुका साथै कृषि क्षेत्र, सडक संरचना तथा सर्वसाधारणको जनजीवन सुरक्षित राख्न तहाँसँग सम्बन्धित निकायहरूलाई आवश्यक कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ।"

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Babita Sharma
babi.dor074@gmail.com

(बबिता शर्मा)

ईन्जिनियर